स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री नीति शाहको फिल्मसँगै ब्रान्ड प्रवर्द्धनमा पनि माग बढ्दो छ। विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ब्रान्डसँग आबद्ध रहेकी उनी अब नेपालको अग्रणी दूरसञ्चार कम्पनी नेपाल टेलिकमको ब्रान्ड एम्बेसडरमा नियुक्त भएकी छन्। उनलाई टेलिकमले बिहीबार मनोरञ्जन क्षेत्रतर्फको ब्रान्ड एम्बेसडरमा नियुक्त गरेको हो। अब नीतिले स्वदेश तथा विदेशमा रहेका नेपाली ग्राहकमाझ नेपाल टेलिकमका विभिन्न सेवा-सुविधाको प्रचारप्रसार गर्नेछिन्।

**आजको विचार...**



**आगोको...** *(दुई पेजमा)*

**केशवराज सेडाईं**

अभिनेत्री सुहाना थापा अभिनित चलचित्र "बा : एक योद्धा" असोज ९ गतेदेखि प्रदर्शनमा आउने भएको छ। भोटेकोशी बाढीका कारण यसअघि तय भएको प्रदर्शन मिति स्थगित भएपछि निर्माण पक्षले नयाँ मिति सार्वजनिक गरेको हो। कुशे औंसी अर्थात् बुबाको मुख हेर्ने दिनलाई लक्षित गर्दै प्रदर्शनमा ल्याउन लागिएको चलचित्रले बुबा र सन्तानबीचको सम्बन्धलाई मुख्य कथावस्तु बनाएको छ। सन्तानको भविष्यका लागि बुबाले गर्ने संघर्ष, त्याग र समर्पणलाई चलचित्रमा भावनात्मक रूपमा प्रस्तुत गरिएको निर्माण पक्षको भनाइ छ।



❒ वर्ष ३२ ❒ अंक ५८ ❒ २०८३ भदौ २८ गते आइतबार 13 September 2026, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### आगलागीमा १६ जनाको मृत्यु



**एजेन्सी**

**सान्टियागो,** भदौ २७/चिलीको अराउकानिया क्षेत्रमा रहेको वृद्ध वृद्धाको हेरचाह केन्द्रमा भीषण आगलागी हुँदा कम्तीमा १६ जनाको मृत्यु भएको छ । शुक्रबार राति पित्रुकेनमा लागेको आगोले भवन पूर्ण रूपमा जलेको बताइएको छ । घटनामा केही मानिस अझै भवनभित्र फसेको हुन सक्ने आशङ्का गरिएको छ । अराउकानिया प्रहरी प्रमुख जनरल मिगेल हेरेराले हेरचाह केन्द्रमा रहेका १० जनालाई मात्र सुरक्षित रूपमा बाहिर निकाल्न सकिएको बताए । अग्नि नियन्त्रकहरूले घटनास्थलबाट १६ जनाको शव फेला पारेका छन् । आगलागीको कारण भने खुल्न सकेको छैन । घटनास्थलमा ठुलो सङ्ख्यामा अग्नि नियन्त्रक परिचालन गरी आगो नियन्त्रणमा लिने तथा भवनभित्र अन्य व्यक्ति फसेका छन् कि छैनन् भन्ने खोजी भइरहेको छ ।

# आज दर खाएर तीजको तयारी, भोलि निराहार व्रत

## स्वास्थ्यको ख्याल गरेर दर खान सुझाव

**रामचन्द्र रायमाझी**

**पाल्पा,** भदौ २७/ नेपाली हिन्दु नारीले हरितालिका (तीज) व्रतको तयारीस्वरुप आज दर खाने तयारी गरेका छन् । दरखाने दिनसँगै चार दिने तीज पर्व आजदेखि सुरु हुँदैछ । विशेषगरी नेपाली हिन्दु नारीले मनाउने हरितालिका अर्थात् तीजको पहिलो दिन आज दर खाइन्छ ।

तीजको व्रत बस्नुअघि महिलाहरूले विभिन्न परिकार बनाएर दर खाने तथा आफन्त, साथीभाइ र माइतीसँग भेटघाट गर्ने गर्दछन् । परम्पराअनुसार तीजको अघिल्लो दिन खाइने विशेष भोजनलाई 'दर' भनिन्छ । दरमा खीर, ढकनी, पुरी, तरकारी, फलफूलगायत विभिन्न परिकार समावेश गरिन्छ । पछिल्लो समय भने परम्परागत परिकारसँगै आधुनिक खानाका परिकार पनि दरमा समेटिन थालेका छन् । आज दर खाएपछि भोलि महिलाहरूले हरितालिका तीजको व्रत बस्नेछन् । धार्मिक मान्यताअनुसार धेरै महिलाले



भोलि दिनभर निराहार तथा निर्जल व्रत बस्ने परम्परा छ । व्रतालु महिलाहरू बिहानै स्नान गरी पूजा-आराधना गर्ने, शिव-पार्वतीको उपासना गर्ने तथा साँझ तीजका गीत गाउँदै नाचगानमा सहभागी हुने गर्छन् । तीजको अवसरमा देशका विभिन्न स्थानमा रहेका शिवालय तथा धार्मिकस्थलमा विशेष पूजाआजा हुने तयारी गरिएको छ । महिलाहरूले वर्षदिनभर आफूलाई परेका दु:ख, पीर, मर्कालाई पोख्ने पर्वका रुपमा समेत तिजलाई उपयोग गर्ने गरेका छन् । तिजको अवसरमा गीतका माध्यमबाट यस्ता मर्कालाई महिलाहरूले सार्वजनिक गर्दछन् । जन्मघरबाट कर्मघरमा गई बस्दा पाएका दु:ख, पीर, मर्कालाई नारीले पोख्ने गरेका छन् । टाढा-टाढा रहेका चेलबेटी माइतीघरमा भेला भएर वा आफ्नै घरमा रहेर खिर, गुँद, हलुवा, ढकनी, घिउ, दही दूध मिठाई, फलफूल लगायतका मिठा परिकारको दर खाने चलन छ । भोलिपल्ट निराहार व्रत बस्ने भएकाले आडका लागि अघिल्लो दिन साँझ अथवा बेलुकी शरीरलाई तागत दिने खालका परिकार बनाएर दर खाने चलन रहेको बुढापाकाको भनाइ छ । जसले व्रतका दिन आडिलो बनाउँछ ।

भोलिपल्ट निराहार व्रत बस्नुपर्ने भएकाले दिनभर शरीरमा शक्ति सञ्चय गर्न टन्न दर खाने परम्परा रहेको रैनादेवी छहरा गाउँपालिकाकी ७५ वर्षीया मनकला रायमाझी बताउँछिन् । महिला दिदीबहिनीले निराहार व्रत बसी हरितालिका तिज भने सोमबार मनाउँदै छन् । राता सारीमा सजिएका महिलाहरुको जमघट यतिबेला हरेक घर तथा पार्टी प्यालेसमा देख्न पाइन्छ । तर भोटेकोसीमा आएको बाढीका कारण देश नै शोकमा रहेका बेला विगतमा जस्तो तिजको उत्साह भने यस पटक देखिएको छैन् । वर्ष दिनमा एक पटक आउने तिजमा रमाउने महिलाहरु यस पटक भने नाँच गान र रमाइलोमा त्यत्ति ध्यान दिएको देखिदैन । *-बाँकी अन्तिम पेजमा...*

# सोमबार लुम्बिनी प्रदेशमा सार्वजनिक बिदा

**पाल्पा,** भदौं ७/ लुम्बिनी प्रदेश सरकारले भदौ २९ गते सोमबार सार्वजनिक बिदा दिएको छ । आन्तरिक मामिला,कानुन,उद्योग तथा यातायात मन्त्रालयले शुक्रबार एक सूचना जारी गर्दै सोमबार बिदा दिइएको जानकारी गराएको हो । मन्त्रालयका उपसचिव प्रेमप्रसाद आचार्यका अनुसार हरितालिका तीजको अवसरमा प्रदेशभर सार्वजनिक बिदा दिने निर्णय गरिएको हो ।

## पाल्पा उद्योग वाणिज्य संघको सूचना

पाल्पा उद्योग वाणिज्य संघको ७२ औं साधारण सभा निम्न मिति, समय र स्थानमा हुन गैरहेको सम्पूर्ण सदस्यहरुको जानकारीको लागि अनुरोध छ । साधारण सभाको निमन्त्रणा पत्र सबै सदस्यज्यूहरुलाई पठाई सकिएको छ । कुनै कारणवश निमन्त्रणा पत्र प्राप्त नभएमा यसैलाई सूचना मानी उपस्थितीको लागि अनुरोध छ ।

**मिति :** २०८३ असोज ११ गते, आइतबार

**समय :** बिहान ११:०० बजे

**स्थान :** रातोघर टक्सारटोल, तानसेन-३, पाल्पा

*(नोट : यस संघका सदस्यहरुले आफ्नो सदस्यता नविकरण २०८३ असोज मसान्त भित्र गर्नु हुन आग्रह गर्दछौं । आ.व. २०८२/०८३ को संघबाट कर विवरण दाखिला गर्ने र कर चुक्ता प्रमाण-पत्र (अनलाईन) दिने कार्य पनि भइरहेको ब्यहोरा जानकारी गराउँदछौं । साथै साधारणसभामा सदस्यहरूबाट कुनै प्रस्ताव भएमा २०८३ असोज ८ गते भित्र सचिवालयमा दर्ता गराउनु हुन अनुरोध छ ।)*

**अनुरोधक**

**पाल्पा उद्योग वाणिज्य संघ**

**तानसेन, पाल्पा**

सम्पर्क : ०७५-५२०१३३, ५२११६४, ५२१३२५, मो. ९८५७०६८३२५

इमेल : palpachamber@gmail.com

# तानसेन क्याम्पसले मनायो ३७ औँ वार्षिक दिवस तथा साधारण सभा

**पाल्पा,** भदौ २७/ जिल्लाको पहिलो सामुदायिक क्याम्पस तानसेन बहुमुखी क्याम्पसले ३७ औँ वार्षिक दिवस तथा साधारण सभा मनाएको छ । २०४७ असार १९ गते त्रिभुवन बहुमुखी क्याम्पसको पुरकको रुपमा स्थापना भएको क्याम्पसले शनिबार एक औपचारिक कार्यक्रम गरी दिवस तथा साधारण सभा मनाएको हो ।

सभाको प्रमुख अतिथि तानसेन नगरपालिकाका नगर प्रमुख सन्तोषलाल श्रेष्ठले उद्घाटन गरेका हुन् । सभाको उद्घाटन गर्दै नगर प्रमुख श्रेष्ठले जिल्लाको शैक्षिक विकासमा तानसेन बहुमुखी क्याम्पसले महत्वपूर्ण योगदान पुर्‍याउँदै आएको बताए । पछिल्लो समय सामुदायिक क्याम्पस सञ्चालनमा विभिन्न चुनौती देखिएको उल्लेख गर्दै उनले नगर सरकारले शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखेर काम गरिरहेको बताए । नगर प्रमुख श्रेष्ठले नगरभित्रका क्याम्पसको आवश्यकताअनुसार सहयोग गर्ने प्रतिबद्धता समेत व्यक्त गरे । क्याम्पस व्यवस्थापन समितिका कार्यवाहक अध्यक्ष भेषराज नेपालले क्याम्पस व्यवस्थापनमा कुनै पनि समस्या नरहेको तर विद्यार्थी पलायन हुने प्रवृत्तिले क्याम्पस




सञ्चालनमा समस्या सिर्जना भएको बताए । अहिलेको राष्ट्रिय समस्या भएकाले कसरी विद्यार्थी टिकाउने र वृद्धि गर्ने भन्ने विषयमा क्याम्पस व्यवस्थापन समिति अत्यन्त चिन्तित रहेको उनले धारणा व्यक्त गरे ।

अध्यक्ष पन्तले शैक्षिक संस्थालाई जिवन्त राख्न सबैको सहयोग आवश्यक रहेको बताए । पब्लिक प्राध्यापक संघ पाल्पाका सभापति मुरारी कृलेले क्याम्पसमा पूर्णकालीन शिक्षकको व्यवस्था गर्न आग्रह गर्दै शुल्क नि:शुल्क गर्दैमा मात्र विद्यार्थी संख्या नबढ्ने बताए । उनले शैक्षिक गुणस्तर वृद्धि गर्न सके मात्र विद्यार्थी आकर्षित गर्न सकिने धारणा राखे । माण्डव्य बहुमुखी क्याम्पसका प्रमुख रुद्र बस्यालले सामुदायिक क्याम्पसको प्रमुख चुनौतीका रूपमा विद्यार्थी संख्या घट्दै जानुलाई औंल्याए । तल्लो तहदेखि माथिल्लो तहसम्मका सबै पक्षले यस विषयमा गम्भीरतापूर्वक ध्यान दिनुपर्ने भन्दै उनले विद्यार्थीलाई उच्च शिक्षाका लागि बाहिर जानबाट रोक्ने वातावरण निर्माण गर्नुपर्ने बताए । त्रिभुवन विश्वविद्यालयका प्रतिनिधि दामोदर घिमिरेले जिल्लाका क्याम्पसहरूको शैक्षिक अवस्था सुधारका लागि स्थानीय सरकारसँग समन्वय गरी बहस र छलफल अघि बढाउनुपर्ने बताए । क्याम्पसका संस्थापक तथा पूर्व क्याम्पस प्रमुख रामेश्वर बजिमयले क्याम्पसका संस्थापकहरूलाई समेत सहभागी गराएर शैक्षिक गुणस्तर अभिवृद्धिका विषयमा नियमित छलफल गर्न आग्रह गरे । *-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## तीज : मौलिकता जोगाऔँ, विकृति हटाऔँ

नेपाली हिन्दू महिलाहरूको महत्वपूर्ण सांस्कृतिक पर्व हो । विशेषगरी महिलाहरूको भावना, भोगाइ, पीडा, खुसी र सामाजिक सम्बन्धलाई अभिव्यक्त गर्ने अवसरका रूपमा तीजको आफ्नै मौलिक पहिचान छ । पुस्तौँदेखि चलिआएको यो पर्व धार्मिक आस्था र पारिवारिक सम्बन्धसँग मात्र जोडिएको छैन, नेपाली समाजको संस्कृति र परम्पराको अभिन्न अंगसमेत बनेको छ । तर पछिल्लो समय तीज मनाउने शैलीमा आएको परिवर्तनले यसको मौलिकता र सांस्कृतिक पक्षमाथि प्रश्न उठ्न थालेको छ । समयसँगै संस्कृति र परम्परामा परिवर्तन आउनु स्वाभाविक हो । आधुनिक समाजमा तीज पनि नयाँ स्वरूपमा मनाइन थालेको छ । महिलाहरू घरको चौघेराभित्र सीमित नरही सार्वजनिक रूपमा भेला हुने, आफ्ना विचार र प्रतिभा प्रस्तुत गर्ने तथा आपसी सम्बन्ध विस्तार गर्ने अवसरका रूपमा तीजलाई उपयोग गर्न थालेका छन् ।

यो परिवर्तन सकारात्मक पक्ष हो । तर संस्कृतिको नाममा देखासिकी, अनावश्यक खर्च, महँगा पहिरन तथा गरगहना प्रदर्शन र खानपानमा हुने प्रतिस्पर्धाले तीजको वास्तविक मर्मलाई ओझेलमा पार्दै गएको देखिन्छ । कतिपय अवस्थामा तीज आर्थिक हैसियत प्रदर्शन गर्ने माध्यमसमेत बन्न पुगेको छ । तीजको नाममा हुने अनावश्यक खर्चले निम्न तथा मध्यम वर्गीय परिवारमा आर्थिक दबाब सिर्जना गर्न सक्छ । अर्कोतर्फ, महिलाले तीजमा अनिवार्य रूपमा व्रत बस्नैपर्ने, दुःख सहनैपर्ने वा निश्चित सामाजिक भूमिकामा सीमित हुनुपर्ने पुराना मान्यतामाथि पनि समयअनुकूल पुनर्विचार आवश्यक छ । संस्कृति संरक्षणको अर्थ पुराना सबै अभ्यासलाई जस्ताको तस्तै निरन्तरता दिनु होइन, राम्रा परम्परालाई जोगाउँदै विभेदपूर्ण र अव्यावहारिक अभ्यासलाई सुधार्नु हो । आजको तीज महिलाको अधिकार, समानता, आत्मनिर्भरता र स्वतन्त्रताको आवाज उठाउने अवसर पनि बन्न सक्छ । तीजका गीत र कार्यक्रममार्फत महिलामाथि हुने हिंसा, बालविवाह, दाइजो प्रथा, लैङ्गिक विभेद तथा सामाजिक असमानताविरुद्ध जनचेतना फैलाउन सकिन्छ । यसले तीजलाई केवल मनोरञ्जन र धार्मिक अनुष्ठानमा सीमित नराखी सामाजिक परिवर्तनको माध्यम बनाउन सहयोग पुर्‍याउँछ । त्यसैले तीजको मौलिकता र सांस्कृतिक पहिचान जोगाउँदै यसलाई समयसापेक्ष, सभ्य र समावेशी बनाउनु आजको आवश्यकता हो । देखासिकी र अनावश्यक खर्चभन्दा आत्मीयता, समानता र सामाजिक सद्भावलाई प्राथमिकता दिऔँ । तीज हाम्रो संस्कृति हो– यसलाई विकृत होइन, समृद्ध बनाउँदै भावी पुस्तालाई हस्तान्तरण गर्नु सबैको साझा जिम्मेवारी हो ।

### Opinion @ Social Network

काँडाले आफ्नो परिचय कहिल्यै लुकाउँदैन,
मान्छे झुक्किने भनेकै फूलसँग हो।
*(मिना थापाको फेसबुक स्टाटसबाट www.facebook.com/Mina.Thapa)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# आगोको एक वर्षपछि बाढी : जेनजी सरकारले अब के गर्नैं पर्छ



## केशवराज सेडाईं

*रसुवामा डुबेर मर्नेमध्ये कतिपय २०७२ को भूकम्पबाट बचेका परिवार थिए- जसलाई नदीकिनारमा पुनर्वास गराइएको थियो, किनभने एघार वर्षपछि पनि तिनको पुनर्निर्माण पूरा भएको थिएन । त्यो वाक्य फेरि एकपटक पढ्नुहोस् । त्यही हो ओली, प्रचण्ड र देउवा सरकारहरूको अभिलेख । अमूर्त भ्रष्टाचार मात्र होइन- एक दशकसम्म पुनर्निर्माणको पैसा कहिल्यै घर बनेन र त्यसैका कारण मानिस मरे ।*

ठीक एक वर्षअघि भदौ २३ र २४ गते नेपालका युवाले पुरानो सत्तालाई आगो लगाइदिए । ७६ जनाले ज्यानको मूल्य चुकाए । सिंहदरबार जल्यो। भैंसेपाटीको मन्त्री निवास जल्यो । सर्वोच्च अदालत जल्यो । आज सञ्चारमाध्यमले छापेका 'पहिले र अहिले' का तस्बिरहरूमा पर्खालहरू फेरि उभिएका, नयाँ प्लास्टर र रङ लगाइएका देखिन्छन् । तर ती तस्बिरले नदेखाउने कुरा के हो भने ती पर्खालभित्र केही फेरिएको छ कि छैन ? त्यो प्रश्न अब सैद्धान्तिक मात्र रहेन । भदौ १० गते (अगस्ट २६) बिहान लाङटाङ र तिब्बततिरबाट झरेको पानी र लेदोको पहाडले भोटेकोशी र त्रिशूली उपत्यकालाई लगभग विना चेतावनी चिथोरेर लग्यो । १३०० भन्दा बढी नेपालीको मृत्यु पुष्टि भइसकेको छ । झन्डै ५ हजार अझै बेपत्ता छन् । टिमुरे, स्याफ्रुबेंसी, मैलुङ, बेत्रावती, त्रिशूली बजार, देवीघाट- पूरै बस्ती नै हराए। हजारौं घर ध्वस्त भए, दर्जनौं पुल बगे, रसुवागढी जाने सडक मेटियो, सयौं मेगावाटका जलविद्युत् आयोजना बन्द भए । रसुवामा डुबेर मर्नेमध्ये कतिपय २०७२ को भूकम्पबाट बचेका परिवार थिए- जसलाई नदीकिनारमा पुनर्वास गराइएको थियो, किनभने एघार वर्षपछि पनि तिनको पुनर्निर्माण पूरा भएको थिएन । त्यो वाक्य फेरि एकपटक पढ्नुहोस् । त्यही हो ओली, प्रचण्ड र देउवा सरकारहरूको अभिलेख । अमूर्त भ्रष्टाचार मात्र होइन- एक दशकसम्म पुनर्निर्माणको पैसा कहिल्यै घर बनेन र त्यसैका कारण मानिस मरे । जेनजी आन्दोलनले बालेन्द्र शाहको सरकारलाई त्यही कुरा दोहोर्‍याउनका लागि सिंहदरबार पुर्‍याएको होइन । यो पहिलो वास्तविक परीक्षा हो र यसको म्याद नदीले पहिल्यै तोकिदिएको छ : उच्च उपत्यकाहरूमा जाडो लगभग आठ हप्तामा आइपुग्छ ।

**पहिलो : सर्वदलीय बाढी पुनर्निर्माण कार्यदल र हरेक रुपैयाँको हिसाब**

प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा ५ अर्ब रुपैयाँभन्दा बढी जम्मा भइसकेको छ । मन्त्रिपरिषद्का सदस्यहरूले एक महिनाको तलब दिने वाचा गरेका छन् । स्कूले केटाकेटीले खाजा खर्च छाडेर सहयोग गरिरहेका छन् । विदेशमा रहेका नेपालीहरू (न्युयोर्क र न्युजर्सीको मेरो आफ्नै समुदायमा मैले देखेको छु, केही दिनभित्रै हामीले हजारौं डलर उठायौं) जे सक्छन्, पठाइरहेका छन् । उदारता साँचो हो । डर पनि साँचो हो : यो पैसा त्यहीं जान्छ कि, जहाँ भूकम्पको पैसा गएको थियो । सरकारले त्यो डरलाई संरचनामा बदल्नुपर्छ । १. सर्वदलीय कार्यदल : संसद्का सबै दल, प्रभावित नगरपालिका/गाउँपालिका र महालेखा परीक्षकको कार्यालयको प्रतिनिधित्व भएको कानूनी 'बाढी पुनर्निर्माण कार्यदल' बनाउनुहोस् । सत्तारूढ दलको समिति होइन । कुनै मन्त्रीको अध्यक्षतामा रहने निकाय होइन । एउटा सर्वदलीय संस्था, जसका सदस्यले पछि एकअर्कालाई दोष दिन नसकून्ह किनभने सबैले एउटै खातामा हस्ताक्षर गरेका छन् । २. पारदर्शी विवरण : आउने र जाने हरेक रुपैयाँ एउटै सार्वजनिक वेबसाइटमा दैनिक अद्यावधिक गरेर प्रकाशित गर्नुहोस् । दाताको नाम (वा 'गुमनाम'), रकम, प्राप्त मितिह प्राप्तकर्ता, रकम, प्रयोजन, वितरण मितिह बनेको हरेक घर, पुल, विद्यालय र स्वास्थ्यचौकीको तस्बिर र जीपीएस स्थान। वडाध्यक्षले अनुदान पाउँछ भने गाउँलेले त्यही दिन देखोस् । पैसा अड्किएको छ भने पूरै देशले अड्किएको देखोस् । ३. प्रशासनिक कटौती शून्य : सरकारी कर्मचारीले पहिल्यै तलब पाउँछन् । दान गरिएको राहत रकमको एक रुपैयाँ पनि गाडी, दैनिक भत्ता, होटल बिल, 'अनुगमन भ्रमण' वा परामर्शदातामा खर्च नहोस् । प्रशासनिक खर्च नियमित बजेटबाटह दान पूरै पीडितलाई । ४. ठेकेदारलाई होइन, प्रमाणित घरधुरीलाई सीधै नगद : २०७२ को पाठ यही हो कि ठेकेदार र राजनीतिक बिचौलियाका तहहरू हुँदै जाने पैसा बाफ भएर उड्छ । दर्ता भएका बाढीपीडित परिवारलाई बैङ्क वा मोबाइल वालेट मार्फत, निर्माणका चरणसँग जोडिएका किस्तामा, वडा अधिकारी र एक स्वतन्त्र पर्यवेक्षकबाट प्रमाणित गरेर दिइने अनुदान- जहाँ साँच्चै प्रयोग गरियो, त्यहाँ राम्रो काम गर्‍यो । यसपटक त्यसैलाई नियम बनाउनुहोस् । ५. कडा समयतालिका : कडा समयतालिका प्रकाशित गर्नुहोस् र त्यसमा अडिग रहनुहोस् । विस्थापित हरेक परिवारका लागि जाडो थेग्ने अस्थायी आवास मङ्सिरको पहिलो हप्ताभित्र (मध्य नोभेम्बर) । बाढीको सतहभन्दा माथि (उही नदीकिनारमा होइन) स्थायी आवासका स्थान वर्षको अन्त्यसम्म पहिचान । मनसुन फर्किनुअघि भत्किएका हरेक पुलमा बेलीब्रिज । र, महालेखा परीक्षकबाट त्रैमासिक सार्वजनिक लेखा परीक्षण कार्यदलको सम्पादन विना नै प्रकाशित । यीमध्ये कुनै पनि प्राविधिक रूपमा कठिन छैन । राजनीतिक रूपमा कठिन छ, किनभने पारदर्शिताले त्यो स्वविवेक हटाइदिन्छ जसले पुराना दलहरूका लागि प्रकोपको पैसालाई आकर्षक बनाएको थियो । ठीक त्यसैले, त्यही स्वविवेकप्रति जनताको घृणाबाट जन्मेको यो सरकार मात्र यो काम गर्न सक्छ ।

**दोस्रो : भ्रष्ट सम्पत्तिका लागि एकपटकको आममाफी- कडा म्याद सहित, र त्यसपछि कुनै सहुलियत छैन**

पैसा छ भन्ने नेपालमा सबैलाई थाहा छ । त्यो भान्जा र ड्राइभरका नाममा राखिएका काठमाडौंका घरजग्गामा छ । दुबई, बैङ्कक, सिड्नी र सिङ्गापुरमा छ । कागजमा मात्र अस्तित्व भएका सहकारी र फाइनान्स कम्पनीमा छ । अनुमान फरक-फरक होलान्, तर पछिल्ला तीन दशकमा सार्वजनिक खरिद, जग्गा कारोबार, लाइसेन्स र रेमिट्यान्स हेरफेर मार्फत देशबाट बाहिरिएको वा भूमिगत भएको रकम खर्बौं रुपैयाँमा गनिन्छ- त्रिशूली करिडोर पुनर्निर्माणको सम्पूर्ण लागतभन्दा धेरै गुणा बढी । त्यो सबैमाथि मुद्दा चलाउने काम हुनेवाला छैन । अदालत ढिलो छन्, प्रमाण पुराना छन्, लाभान्वितहरूसँग राम्रा वकिल छन् र अख्तियार दुरुपयोग अनुसन्धान आयोगसँग माथिल्लो तहसम्म पुग्ने क्षमता वा राजनीतिक संरक्षण कहिल्यै भएन । मानिस त्रिपालमुनि सुतिरहँदा देशले फैसलाका लागि बीस वर्ष कुर्न सक्दैन । त्यसैले प्रस्ताव एकपटक गर्नुहोस्, स्पष्ट गर्नुहोस् र म्याद तोक्नुहोस् । प्रस्ताव : संसद्ले एउटै मात्र अवसर दिने 'स्वेच्छिक घोषणा तथा क्षतिपूर्ति ऐन' पारित गरोस्- मानौं, ऐन लागू भएको १८० दिनको म्याद । भ्रष्टाचार, करछली वा गैरकानूनी पूँजी पलायनबाट आर्जित सम्पत्ति राख्ने जो-कोहीले त्यो पूर्ण रूपमा घोषणा गर्न, फिर्ता ल्याउन वा सरकारलाई बुझाउन र घोषणा शुल्कका रूपमा उल्लेख्य रकम (घोषित मूल्यको अर्थपूर्ण प्रतिशत- यो छुट होइन, क्षतिपूर्ति हो भन्ने पुग्ने गरी उच्च) तिर्न सक्छ । बदलामा : मूल आर्थिक अपराधमा फौजदारी मुद्दा नचल्ने र घोषणा आफैं अन्य कुनै कारबाहीमा प्रमाणका रूपमा ग्राह्य नहुने । प्राप्त रकम माथि वर्णन गरिएकै सर्वदलीय, सबै-कुरा-प्रकाशित-गर्ने नियमअन्तर्गत सञ्चालित छुट्टै 'राष्ट्रिय पुनर्निर्माण कोष' मा जान्छ- बाढीपीडित जिल्ला पहिलो प्राथमिकतामा । त्यसपछि म्याद सकिन्छ र नियम स्थायी रूपमा बदलिन्छन् । म्यादपछि : हरेक निर्वाचित पदाधिकारी, न्यायाधीश, उच्च राष्ट्रसेवक र तिनका नजिकका परिवारका सदस्यका लागि अनिवार्य सम्पत्ति विवरण, जग्गा, बैङ्क, कम्पनी र सवारी दर्ता अभिलेखसँग रुजु गरिने । स्रोत नखुलेको सम्पत्ति आफैंमा छुट्टै अपराध बन्छ र वैध स्रोत देखाउने दायित्व सम्पत्ति राख्नेकै हुन्छ । घोषणा नगरिएको भ्रष्टाचारसँग जोडिएको सम्पत्ति सीधै जफत । सम्पत्ति खोजीका लागि संयुक्त अरब इमिरेट्स, भारत, अस्ट्रेलिया र सिङ्गापुरसँगका सहकार्य सम्झौता (जुन गर्न ती सरकार तयार भएको सङ्केत दिइसकेका छन्) इमानदारीपूर्वक अघि बढाइने । र, यी मुद्दा हेर्न छुट्टै द्रुत-मार्ग इजलास । तीन वटा सुरक्षा-रेखा अत्यावश्यक छन् र म नेपालीका रूपमा नबोले पनि एक कानून व्यवसायीका रूपमा यही भन्थें : हिंसा, मानव बेचबिखन वा भदौका हत्याका लागि कुनै आममाफी छैन। आर्थिक अपराध मात्र । ती ७६ युवाको हत्याको आदेश दिने वा हत्या गर्ने कसैले पनि यहाँ आश्रय पाउँदैन । आंशिक घोषणा गर्नेका लागि कुनै आममाफी छैन । पछि पत्ता लागेको आंशिक घोषणाले सम्पूर्ण संरक्षण खारेज गर्छ र लुकाएको अभियोग थपिन्छ । दोस्रो अवसर कहिल्यै छैन । यो सम्पूर्ण योजनाको विश्वसनीयता 'ढोका बन्द हुन्छ भन्दा सरकारले साँच्चै त्यही अर्थ राख्नुमा' निर्भर छ । एकपटक म्याद थप्नुहोस्, यो उही मानिसहरूसँगको अर्को मोलमोलाइ बन्छ । अन्य देशहरूले यसका विभिन्न रूप अजमाइसकेका छन् इन्डोनेसिया, अर्जेन्टिना, भारत- मिश्रित नतिजा सहित, र त्यो मिश्रित नतिजाको कारण लगभग सधैं एउटै हुन्छ : म्यादपछिको धम्की विश्वसनीय थिएन । नेपालका पुराना दलहरूले त्यो धम्की कहिल्यै विश्वसनीय बनाउन सकेनन्, किनभने पैसा तिनैको हातमा थियो । यो सरकारले सक्छ, तर आन्दोलनले दिएको नैतिक अधिकार बाँकी छँदै काम गरेमा मात्र ।

**घडी चलिरहेछ**

आक्रोशको लहरमा सत्तामा आउने सरकारहरूसँग कठिन काम गर्न सकिने छोटो मौसम हुन्छ । त्यसपछि पुरानो संयन्त्रले फेरि आफ्नो पकड जमाउँछ, मन्त्रालयहरू चिरपरिचित अनुहारले भरिन्छन् र युवा सरकारले 'आफूले विस्थापित गरेकै चिजमा आफू परिणत भएको' थाहा पाउँछ । पुनर्निर्मित सिंहदरबारका मिडियाका तस्बिरहरू अभिलेख जति नै चेतावनी पनि हुन् : भवन पुनर्स्थापना गर्न सजिलो छ, बानी फेर्न सजिलो छैन । बाढीले यो सरकारलाई एउटा ठोस काम, एउटा नैतिक जनादेश र हरेक रुपैयाँ हेरिरहेको जनता दिएको छ । कार्यदल बनाउनुहोस् । खाता खोल्नुहोस् । आममाफीको म्याद तोक्नुहोस् र त्यसमा अडिग रहनुहोस् । यो काम आगामी ६० दिनभित्र गर्नुहोस् रसुवामा हिउँ पर्नुअघि र 'गत भदौको आगोले तस्बिरका अनुहार मात्र फेर्‍यो, अरू केही फेरेन' भन्ने निष्कर्षमा देश पुग्नुअघि । भदौ २३ र २४ गते मर्ने युवाहरू रङ लगाइएको भवनका लागि मरेका होइनन् । त्यो प्रमाणित गर्नुहोस् । ***(लेखक अमेरिकामा कार्यरत अधिवक्ता हुन् ।)***

***-अनलाइन खबर डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : छिटो निर्णय लिने बानीले काममा गति दिनेछ। क्षमता देखाउने अवसर मिल्नेछ। | **तुला**: तपाईंको भूमिका महत्वपूर्ण बन्न सक्छ। छोटो घुमफिर उपयोगी हुनेछ। |
| **वृष** : धैर्यले अघि बढ्दा रोकिएको काम मिल्नेछ। स्थिर प्रगति कायम रहनेछ। | **वृश्चिक** : जटिल विषय स्पष्ट पार्नेछ। आर्थिक कारोबारमा गोपनीयता राख्नुहोस्। |
| **मिथुन** : कुरा बुझ्ने क्षमता उपयोगी बन्नेछ। धेरै विषय समात्दा ध्यान भंग हुन सक्छ। | **धनु** : समय कायम नगर्दा काम छुट्न सक्छ। सवारी साधनको गति नियन्त्रण गर्नुहोस्। |
| **कर्कट** : माया र सहयोगले सम्बन्ध बलियो हुनेछ। खर्चको सीमा तय गर्नु राम्रो हुन्छ। | **मकर** : मेहनतको प्रतिफल देखिनेछ। वरिष्ठ व्यक्तिबाट मार्गदर्शन प्राप्त हुनेछ। |
| **सिंह** : नेतृत्वदायी भूमिका पाउन सकिन्छ। प्रतिष्ठाको विषयमा सोचेर कदम चाल्नुहोस्। | **कुम्भ**: काममा राम्रो प्रगति हुनेछ। सामाजिक सम्पर्कबाट सूचना हात लाग्नेछ। |
| **कन्या** : महत्वपूर्ण काम सफल हुनेछ। हिसाब मिलाउने कुरामा सावधान हुनुहोस्। | **मीन** : सम्बन्धमा मिठास आउनेछ। आर्थिक निर्णयमा प्राथमिकता दिनुहोस्। |

## कृषि

# उखु बेचेको छ महिना बित्दा पनि किसानले पाएनन् भुक्तानी

उधारोमा बिक्री गरेको नगदे बाली उखुको भुक्तानी यहाँका किसानका लागि सधैँको गलपासो बन्दै आएको छ । गत याममा उद्योगलाई उखु बेचेका किसान छ महिना भइसक्दासम्म पैसा नपाएपछि समस्यामा परेका हुन् । यहाँको धन्कौल गाउँपालिका-२ मा रहेको अन्नपूर्ण चिनी उद्योगले गत याममा मा उखु खरिद गरेको भुक्तानी अझै किसानलाई दिएको छैन । धन्कौल गाउँपालिका-३ निवासी कैलाश पासवानले उद्योगलाई दिएको ३०० क्विन्टल उखुको आंशिक रकममात्र पाएको बताए । उनले ५० कट्ठा खेतमा उखु लगाएका छन् । यसमध्ये आफ्नो २० कट्ठा र बाँकी ठेक्कामा लिएको हो । उखु बेचेको पैसा समयमा पाए समयमै ठेक्का बुझाउने उनलाई हतारो छ । कबोल गरेको समयमा ठेक्का रकम नतिरे साहुलाई ब्याज बुझाउनुपर्ने चिन्ता उनले व्यक्त गरे । ल“घरको सबै खर्च खेतीबाट आएको पैसाले पुर्याउनु पर्छ”, उनले भने, “बालबच्चाको लालनपालन, शिक्षादिक्षा, चाडपर्व सबै यही उखु बेचेर आएको पैसाबाट टार्नु छ । तर, उद्योगले हरेक वर्ष झुटो आशा देखाउँदै दुःख दिने गरेको छ ।” केही समय पहिलामात्र छोरीको विवाह गर्नुभएका कैलाशले गर्जो टार्न उद्योगले पैसा नदिएपछि साहुमहाजनसँग सयकडा तीनले ब्याजमा ऋण लिनुपरेको दुःखेसो पाखे । उनले उद्योगबाट अझै ५६ हजार बढी रकम पाउन बाँकी छ । पाउने रकमको टुङ्गो नहुँदा आफूहरू उखुखेतीबाट निरास बनेको उनले बताए । उद्योगले पैसा दिनेबेला दिएको दुःख सम्झेर ४०० क्विन्टल उखु नगदमा बेचेको उनको भनाइ छ । नगदमा बिचौलियाले रु ३५ देखि ४० कम दाममा किनेर आफ्नो नाममा उद्योगलाई बिक्री गर्छन् । यसबाट किसानले पाउने अनुदानबापतको रकमसमेत दुरुपयोग हुँदै आएको छ । धन्कौल-२ का पाँचु सहनीको पनि आयआर्जनको एकमात्र उपाय खेतीपाती हो । उनी पनि ठेक्कामा लिएको खेतमा उखु रोप्ने र उद्योगलाई बेच्ने गर्छन् । तर, सुरुमा स्थानीयलाई सुविधा पुग्छ भनेर सञ्चालनमा आएको उद्योगले बारम्बार ठगेको उनको गुनासो छ । यस उद्योगले उनको २०७४ सालमा बिक्री गरेको उखुको केही भुक्तानी अझै दिएको छैन । सोही समयमा उद्योग धरासायी बन्यो । सुरुका उद्योगपतिले



उद्योग नै बेचिदिएपछि किसानले पाउनु दुःख पाएको उनी बताउछन् । “माग्न जाँदा २०७४ सालसम्मको भुक्तानी पुरानो मालिकले गर्ने हो भने, पछि विवरण फेला परेन भनेर दिँदै दिएन”, उनले भने । त्यसपछि आफूले रौतहट र सर्लाहीको हरिवनस्थित इन्दुशङ्कर चिनी उद्योगमा उखु बेचेको उनको भनाइ छ । यस वर्ष उद्योगले मिलगेट क्षेत्र तोकेर अन्यत्र काँटा नराख्ने सहमति गरेपछि बाहिरको उद्योग आएन । यसपछि आफूहरू मन नहुँदानहुँदै बाध्य भएर अन्नपूर्णलाई उखु दिनुपरेको उनले जानकारी दिए । उनले यसपटक दिएको झन्डै ५०० क्विन्टल उखुको भुक्तानी पाउन बाँकी छ । नजिकै हरिवनमा रहेको उद्योगले उखु बिक्री गरेको १५ दिनमा भुक्तानी दिँदा आफूहरूलाई अन्नपूर्णले दुःख दिएको गुनासो गरे । अन्नपूर्ण चिनी उद्योगले सिजन २०८२/८३ मा तीन हजार १८६ जना किसानबाट खरिद गरेको नौ लाख ९३ हजार ७५२.६७ क्विन्टल उखु क्रसिङ गरेको थियो । उखु खरिदबापत हुन आउने रु ६१ करोड ६१ लाख २७ हजार ६५५ मध्ये उद्योगले किसानलाई अझै रु २२ करोड हाराहारीमा भुक्तानी दिन बाँकी देखिएको छ । किसानको उजुरीपछि सहायक प्रमुख जिल्ला अधिकारी होमप्रसाद घिमिरेको अध्यक्षतामा गठन गरिएको छानबिन समितिले उद्योगबाट रु २२ करोडको हाराहारीमा किसानले भुक्तानी पाउन बाँकी रहेको प्रतिवेदन सार्वजनिक भएको थियो । यता उद्योग प्रशासनले भने दैनिक किसानको भुक्तानी गरिरहेको दाबी गरेको छ । उद्योगका प्रशासकीय प्रमुख रमेश श्रीवास्तवले किसानको भुक्तानी बाँकी रहेको स्वीकार गरे । कात्तिक मसान्तसम्म सक्ने योजना रहेको उनले बताएका छन् । उद्योगले किसानको भुक्तानी दसैँ अगाडि गरिसक्नेगरी काम गरिरहेको उनको भनाइ छ । तर, बाँकीमध्ये अहिलेसम्म कति रकम किसानको खातामा दाखिला भयो भन्ने तथ्याङ्क उनीसँग छैन । उखुको भुक्तानी नपाएका किसानको उजुरीपछि उद्योग मालिक शैलेन्द्र गुप्तालाई प्रहरीले पक्राउ गरेको थियो । जिल्ला अदालत सर्लाही जारी भएको पक्राउ पुर्जीका आधारमा पक्राउ परेका मिल मालिक गुप्तालाई तत्कालीन अवस्थामा उद्योगमा मौज्दात रु ११ करोडबराबरको चिनी बिक्री गरी बाँकी रकम बैंकबाट ऋण निकालेर दसैँसम्म किसानको खातामा दाखिला गर्ने शर्तमा रिहा गरिएको थियो । मिलमा बिक्री हुन बाँकी चिनी बेचेर अपुग रकम बैंकबाट ऋण लिएर किसानको पैसा दिने उद्योगीले बताएका नेपाल उखु उत्पादक किसान महासैका अध्यक्ष श्यामबाबु रायले जानकारी दिए । सोहीअनुसार आफूहरूले उक्त घटनामा सहजीकरण गरिदिएको अध्यक्ष रायको भनाइ थियो । स्थानीय उखु किसान उद्योगीले गरेको शर्त पूरा गर्नेमा आशङ्का व्यक्त गर्छन् । अहिलेसम्म उद्योगले चालचुल नगरेको भन्दै चाडबाडको समयमा पैसा पाउने कुरामा आफूहरू सशङ्कित रहेको उनीहरूको प्रतिक्रिया थियो । राज्यले रगत पसिना एक गरेर किसानले उत्पादन गरेको फसलको बजार र उपयुक्त मूल्यको दिगो सुनिश्चितता गरिदिनुपर्ने उनीहरूको माग छ । उखु बिक्री गरेको छ महिना बढी भइसक्दा पनि पैसा नपाउँदा दैनिक घर खर्च धान्न, खेतीबालीका लागि मलखाद तथा कामदारको व्यवस्थापनलगायत काम गर्न समस्या भएको किसानको गुनासो छ । आफूले रगत पसिना गरेर बेचेको पैसा उद्योगले नदिने, आफू रोग लागेर उपचार गर्न ऋण खोजेर अस्पताल पुग्नुपर्ने जर्जर अवस्था किसानको रहेको अर्का किसान धीरु बर्माले बताए । किसान मारेर देशको विकास नहुने सर्लाहीको बागमती नगरपालिका-११ निवासी नप्लकण्ठ देवकोटाले बताए ।

*-इहिमालयन डटकम*

# जलवायु वित्तबारे सरकारलाई कृषि समितिको ११ बुँदे सुझाव

कृषि तथा प्राकृतिक स्रोत समितिले जलवायु न्यायलाई नेपालको प्रमुख राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मुद्दाका रूपमा स्थापित गर्न सरकारलाई सुझाव दिएको छ । विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा नेपालको योगदान अत्यन्त न्यून भए पनि जलवायुजन्य विपद्बाट ठूलो क्षति व्यहोर्न बाध्य भएको भन्दै समितिले प्रभावित नागरिकलाई ‘जलवायु अन्यायका पीडित’ का रूपमा अन्तर्राष्ट्रियस्तरमा प्रस्तुत गर्न सरकारको ध्यानाकर्षण गराएको हो । समितिले जलवायु वित्तलाई सहयोगका रूपमा मात्र नभई जलवायु परिवर्तनबाट सिर्जित आवश्यकता, क्षमता र जीविकासँग जोडिएको विषयका रूपमा बुझाउनुपर्ने निष्कर्ष निकालेको छ । जोखिममा रहेका अल्पविकसित तथा हिमाली मुलुकका लागि पूर्वानुमानयोग्य, दीर्घकालीन र पर्याप्त अनुदानमुखी जलवायु वित्त उपलब्ध गराउन विकसित मुलुकलाई आह्वान गर्न सरकारलाई सुझाइएको छ । हालैको भोटेकोसी बाढी तथा अन्य जलवायुजन्य विपद्बाट भएको मानवीय, कृषि, वन, पूर्वाधार तथा जीविकोपार्जनसम्बन्धी क्षतिको तत्काल वैज्ञानिक मूल्याङ्कन गर्न समितिले सरकारलाई सुझाव दिएको छ । यस्तो ‘ड्यामेज एन्ड निड्स एसेसमेन्ट’ लाई अन्तर्राष्ट्रिय जलवायु सहयोग परिचालन गर्ने आधिकारिक आधार बनाउनुपर्ने समितिको भनाइ छ । जलवायु परिवर्तनले कृषि क्षेत्रमा पारेको प्रभाव र क्षतिपूर्तिको व्यवस्था सम्बन्धमा समितिले विज्ञहरूसँग छलफल गरेपछि सरकारलाई ११ बुँदे सुझाव दिएको हो । समिति सभापति अशोककुमार चौधरीले नेपालले उत्सर्जनमा न्यून योगदान गरे पनि गम्भीर असर भोगिरहेको तथ्य विश्वसामु राख्न सरकारलाई सुझाव दिइएको बताए । ‘हालैको विपद्बाट प्रभावित नागरिकलाई जलवायु अन्यायका पीडितका रूपमा प्रस्तुत गर्ने र जलवायु



न्यायलाई नेपालको प्रमुख मुद्दा बनाउने भनेर हामीले सुझाव दिएका छौँ,’ चौधरीले भने, ‘बाढी र विपद्बाट भएको क्षतिको वैज्ञानिक मूल्याङ्कन गरी त्यसलाई अन्तर्राष्ट्रिय सहयोग परिचालनको आधार बनाउनुपर्छ ।’ विपद्पछिको पुनर्निर्माण र अनुकूलनका नाममा नेपालजस्ता मुलुकलाई थप ऋणको भार पार्नु जलवायु न्यायको दृष्टिले उपयुक्त नहुने समितिको ठहर छ । सभापति चौधरीले भने, ‘विपद्बाट प्रभावित नेपालका लागि हानि तथा नोक्सानी कोषबाट माग गरिएको २० मिलियन अमेरिकी डलर अनुदानमा आधारित हुनुपर्छ । यसलाई विद्यमान विकास सहायताभन्दा थप स्रोतका रूपमा उपलब्ध गराउन अन्तर्राष्ट्रिय समुदायसमक्ष स्पष्ट माग राख्न भनेका छौँ ।’ समितिले हरित जलवायु कोष, अनुकूलन कोष र हानि तथा नोक्सानी कोषमा नेपालको प्रत्यक्ष र शीघ्र पहुँचका लागि विशेष व्यवस्था गर्न माग गरेको छ । अन्तर्राष्ट्रिय जलवायु वित्तको निश्चित हिस्सा हिमाली पारिस्थितिक प्रणाली, साना किसान, महिला तथा आदिवासी समुदायको अनुकूलनका लागि सुनिश्चित गर्नुपर्ने समितिको जोड छ । कृषि उत्पादन र खाद्य सुरक्षामा परेको असर सम्बोधन गर्न जलवायु उत्थानशील कृषि पूर्वाधार, सिँचाइ, कृषि प्रविधि र बिमामा अन्तर्राष्ट्रिय वित्तको पर्याप्त हिस्सा परिचालन गर्न समितिले सरकारलाई आग्रह गरेको छ । बाली तथा पशु क्षतिलाई सम्बोधन गर्न अन्तर्राष्ट्रिय वित्तीय संस्थाको सहयोगमा क्षेत्रीय जोखिम बाँडफाँट तथा सहुलियतपूर्ण जलवायु बिमाको व्यवस्था गर्नुपर्ने सुझाव पनि दिइएको छ । त्यसैगरी, हिमनदी, हिमताल, वर्षा र पहिरोजस्ता जोखिमको तथ्याङ्क आदानप्रदान र पूर्वसूचना प्रणाली स्थापना गर्न नेपाल, चीन, भारत र भुटानबीच सहकार्य बढाउनुपर्ने निष्कर्ष निकालिएको छ । यसका लागि संयुक्त राष्ट्रसंघबाट आवश्यक प्राविधिक र वित्तीय सहयोग माग्न सरकारलाई सुझाइएको छ । ‘जलवायु न्यायलाई दलीय सीमाभन्दा माथिको साझा राष्ट्रिय मुद्दाका रूपमा अघि बढाउन सरकारलाई भनेका छौँ,’ सभापति चौधरीले भने, ‘प्राप्त अन्तर्राष्ट्रिय जलवायु वित्तको परिचालनमा पारदर्शिता, जवाफदेहिता र संसदीय अनुगमन सुनिश्चित गर्न पनि हाम्रो सुझाव छ ।’ समितिको छलफलमा सांसदहरूले जलवायु कोषमा नेपालको सरलीकृत पहुँच हुनुपर्ने धारणा राखेका थिए । बैठकमा सहभागी जलवायु वित्त विज्ञ राजु पण्डित क्षेत्री र जलवायु विज्ञ मञ्जित ढकाललगायतले क्षेत्रीय पूर्वसूचना प्रणाली स्थापना गर्न छिमेकी मुलुकहरूसँग सहकार्य गर्नुपर्ने र अन्तर्राष्ट्रिय समुदायसँग प्राविधिक सहयोग माग्नुपर्ने सुझाव दिएका थिए ।

*-रातोपाटी डटकम*

# धान खेती छाडेर पिँडालु खेती तर्फ चुलाचुलीका किसान

इलामको चुलाचुली गाउँपालिकाका किसानहरू पछिल्लो समय पिँडालु खेतीतर्फ आकर्षित हुन थालेका छन् । धान खेतीका लागि पर्याप्त सिँचाइको अभाव र उत्पादन लागत बढ्दै गएपछि धेरै किसानले धानको विकल्पका रूपमा पिँडालु खेतीलाई रोज्न थालेका हुन् । चुलाचुली गाउँपालिका-३ का कृषक आसमान राईले विगत केही वर्षदेखि प्रत्येक वर्ष दुईदेखि तीन कट्ठा क्षेत्रफलमा पिँडालु खेती गर्दै आएका छन् । धान खेतीमा लागत र श्रम बढी लाग्ने भएकाले प्रत्येक वर्ष धानको क्षेत्रफल घटाउँदै पिँडालु खेती विस्तार गरिरहेको उनी बताउछन् । उनकाअनुसार प्रतिकट्ठा पिँडालुबाट वार्षिक ४० देखि ५० हजार रुपैयाँसम्म आम्दानी गर्न सकिन्छ । धान खेतीमा धेरै जोताइ, रोपाइ, सिँचाइ तथा श्रम आवश्यक पर्ने भए पनि पिँडालु खेतीमा तुलनात्मक रूपमा कम लागत, कम श्रम र न्यून सिँचाइमै राम्रो उत्पादन लिन सकिने भएकाले किसानको आकर्षण बढ्दै गएको उनको भनाइ छ । राम्रो उत्पादनका लागि चुलाचुलीका किसानहरुले हरेक वर्ष फरक-फरक खेतमा पिँडालु रोप्ने गरेका छन । फागुनमा रोपिएको पिँडालु असोजदेखि कात्तिकभित्र उत्पादन हुने र सामान्य गोडमेलबाहेक धेरै मेहनत



आवश्यक नपर्ने उनिहरुको अनुभव छ । चुलाचुली-४ कै कृषक वीरबहादुर मगरले पनि पिँडालुसँगै घरतरुलको खेती गर्दै आएका छन् । सुख्खा जमिनमा धानको उत्पादन न्यून हुने भएकाले विगतमा सिमलतरुल खेती गर्दै आए पनि उचित मूल्य नपाएपछि पाँच वर्षअघि पिँडालु खेती सुरु गरेको उनी बताउछन् । उहाँकाअनुसार दुई कट्ठा पिँडालु खेतीबाट हुने आम्दानीले दशैं-तिहारजस्ता ठूला चाडपर्वको खर्च सहज रूपमा धान्ने गरेको छ । नेपालका तराई, पहाड तथा मध्यपहाडी क्षेत्रमा पिँडालुका २४ भन्दा बढी स्थानीय जातको खेती गरिन्छ । कर्मो, हाते, जलेलगायत विभिन्न जातका पिँडालु उत्पादन हुने भए पनि चुलाचुली क्षेत्रमा स्थानीय जातको कालो पिँडालुको उत्पादन राम्रो हुने गरेको किसानहरूको भनाइ छ । पिँडालु स्वास्थ्यका दृष्टिले पनि निकै लाभदायक मानिन्छ । यसले पाचन प्रणाली सुधार गर्न, रोग प्रतिरोधात्मक क्षमता बढाउन तथा मधुमेहका बिरामीलाई समेत लाभ पुग्ने चिकित्सकहरूको सुझाव छ । पिँडालुमा कार्बोहाइड्रेट, फाइबर, म्याग्नेसियम, पोटासियम र क्याल्सियमजस्ता पोषक तत्त्व प्रशस्त मात्रामा पाइने भएकाले यसको महत्व दिनप्रतिदिन बढ्दै गएको छ । कम लागतमा राम्रो आम्दानी दिन सक्ने तथा स्वास्थ्यका दृष्टिले समेत उपयोगी बालीका रूपमा स्थापित हुँदै गएको पिँडालु खेतीको विस्तार र प्रवर्द्धनका लागि सम्बन्धित निकायले किसानलाई प्राविधिक सहयोग, गुणस्तरीय बिउ, बजार व्यवस्थापन तथा आवश्यक अनुदान कार्यक्रमलाई प्राथमिकता दिनुपर्ने आवश्यकता देखिएको छ ।

*-सेतोपाटी डटकम*

# पहिरोको जोखिम मोलेर बजारसम्म कृषि उपज पुर्याउँदै धादिङका किसान

धादिङको बेनीघाट रोराङ गाउँपालिकाका स्थानीय किसान ज्यानकै जोखिम मोलेर कृषि उपज बजारसम्म पुर्याउन बाध्य भएका छन् । पृथ्वी राजमार्गअन्तर्गतको कृष्णभीरमा खसेको पहिरो र त्यसले निम्त्याएको अवरोध छिचोल्दै किसानले आृनो उत्पादन विक्रीका लागि बजार लैजाने गरेका हुन् । वर्षातका कारण कृष्णभीर क्षेत्रमा निरन्तर खसिरहेको पहिरो र चुनौतीपूर्ण सडक अवस्थाका बाबजुद स्थानीयहरूले आफूले उत्पादन गरेको तरकारी बेनीघाट बजारसम्म ल्याइरहेका छन् । भौगोलिक विकटता र प्राकृतिक प्रकोपका कारण सडक सञ्जालमा अवरोध सिर्जना भएपछि किसानले तरकारीका भारी बोकेरै



जोखिमपूर्ण यात्रा तय गर्नुपरेको हो । पहिरोग्रस्त क्षेत्रमा खसेका ढुङ्गा र लेदो माटोको प्रवाहका बीच कृषि सामग्री ढुवानी गर्दा कृषकहरूले ठूलो सास्ती खेप्नु परेको छ । उत्पादित वस्तु बजारसम्म पुर्याउन नसके लगानी डुब्ने डरले उनीहरू यसरी जोखिमपूर्ण रूपमा बजारतिर आउन विवश भएका हुन् । अवरुद्ध र जोखिमयुक्त बाटोका कारण बजारीकरणमा समस्या उत्पन्न हुँदा स्थानीय किसानको आयआर्जनमा समेत गम्भीर असर पुगेको छ । गत भदौ १० गतेको त्रिशूली नदीको बाढीका कारण कृष्णभीर, परेवाभीरलगायतका नदी तटिय क्षेत्रको सडक अवरुद्ध छ ।

*-हाम्रा कुरा डटकम*

# नेपाललाई एसीसी प्रिमियर कपको उपाधि



**पाल्पा,** भदौ २७/ यूएईलाई ४४ रनले पराजित गर्दै नेपालले एसीसी प्रिमियर कप क्रिकेटको उपाधि जितेको छ । मलेसियामा भइरहेको प्रतियोगिताको शनिबार भएको फाइनलमा नेपालले उपाधि रक्षा गरेको हो ।

उपाधिसँगै नेपाल लगातार दोस्रो पटक एकदिवसीय एसिया कपमा छनोट भएको छ । नेपालले दिएको ३१४ रनको बलियो लक्ष्य पछ्याएको युएई ४९.१ ओभरमा २६९ रन बनाउँदै अल आउट भएको हो । टस जितेर ब्याटिङ गर्ने निर्णय लिएको नेपालले निर्धारित ५० ओभरमा ९ विकेटको क्षतिमा ३१३ रन बनाएको थियो । युएईका लागि राहुल चोपडाले सर्वाधिक १०० रनको शतकीय पारीसहित अविजित रहे । उनले १०५ बलमा ३ चौका र ४ छक्का प्रहार गरे । उनको शतक युएईका लागि जित दिलाउन भने काफी रहेन । ओपनर ब्याटर तानीश सुरीले ४२ रन बनाउँदा कप्तान हरप्रित सिंहले ३३ रन बनाए । सोहीब खानले ५२ रन बनाउँदा खुजाइमा बिन तानभिरले १५ रन बनाएर क्याचआउट भए । नेपालका लागि बलिङतर्फ करण केसीले सर्वाधिक ३ विकेट लिए । ललित राजवंशीले २ लिँदा सन्दीप लामिछाने, दीपेन्द्र सिंह ऐरी रोहित पौडेल,गुल्सन झा र वसिर अहमदले १/१ विकेट लिए । त्यस अघि,पहिलो इनिङ्समा ब्याटिङ गरेको नेपालका लागि ओपनर ब्याटर आसिफ शेखले शतकीय पारी खेले । उनले १०६ बलमा ८ चौका र ४ छक्का सहित १०२ रन बनाए । पहिलो विकेटका लागि अर्का ओपनर अर्जुन कुमालसँग उनले ९७ रनको साझेदारी बनाउँदै नेपाललाई राम्रो सुरुवात दिलाएका थिए । अर्जुन कुमाल ४३ रन बनाउँदै रन आउट भए । वान डाउनमा आएका इशान पाण्डेले १३ रन बनाउँदा रोहित कुमार पौडेलले ४० रन बनाएका हुन् । गुल्सन झाले ३८ बलमा ३ चौका र ४ छक्का प्रहार गर्दै ५२ रनको अर्धशतकीय पारी खेले । ऐरीले १८ रन बनाउँदा सन्दिप जोरा र करण केसी भने सस्तैमा पेभेलियन फर्किए । कप्तान लामिछाने डकआउट हुँदा,वसिर अहमद १५ र ललित राजवंशी १ रनमा अविजित रहेका थिए । युएईका लागि बलिङतर्फ,इब्रार अहमदले सर्वाधिक ४ विकेट लिए । खुजाइमा बिन तान्भिरले २ विकेट लिँदा हैदर अलि र अदिब उस्मानीले १-१ विकेट लिए । नेपालले प्रतियोगिताको समूह चरणमा चार खेल खेल्दा तीन जित निकालेको थियो । बहराइन, मलेसिया र साउदी अरेबियालाई पराजित गरेको नेपाल हङकङसँग भने पराजित भएको थियो । तीन जितसहित समूह विजेताको रुपमा नेपाल सेमिफाइनल पुगेको हो । सेमिफाइनलमा नेपालले ओमानलाई ८७ रनले पराजित गर्दै फाइनलमा स्थान बनाएको थियो । नेपालले सन् २०२३ मा पहिलोपटक एसिया कपमा स्थान बनाएको थियो । घरेलु मैदानमा युएईलाई नै ७ विकेटले पराजित गर्दै नेपालले पहिलो पटक एसिया कपमा स्थान बनाएको थियो ।

## खेलकुद समाचार

### आसिफको दोस्रो ओडीआई शतक



**काठमाडौं,** भदौ २७/ नेपाली राष्ट्रिय क्रिकेट टिमका ओपनर आसिफ शेखले ओडिआई करियरमा दोस्रो शतक प्रहार गरेका छन् । मलेसियाको क्वालालम्पुरमा भइरहेको एसीसी प्रिमियर कपको फाइनलमा युएई विरुद्ध आसिफले आफ्नो दोस्रो ओडिआई शतक बनाएका हुन् । उनले १०३ बल खेल्दै ८ चौका र ४ छक्का मदतमा शतक पूरा गरेका हुन् । शतक पूरा गरेलगत्तै आसिफ १०२ रनमा आउट भए । यस क्रममा उनले १०६ बल खेले । आसिफ ३६औं ओभरको तेस्रो बलमा आउट भए । उनले युएईका हैदर अलीले आयन खानबाट क्याचआउट गराए । आसिफले आउट हुनुअघि अर्जुन कुमालसँग पहिलो विकेटका लागि ९७ रनको महत्वपूर्ण साझेदारी गरेका थिए । त्यसपछि इशान पान्डेसँग दोस्रो विकेटका लागि ३६ रनको साझेदारी गरे भने तेस्रो विकेटका लागि रोहित पौडेलसँग ६८ रनको साझेदारी गरे । आसिफ नेपालक लागि ओडिआईमा दुई शतक प्रहार गर्ने चौथो खेलाडी समेत बनेका छन । यसअघि रोहिन पौडेल, कुशल भुर्तेल र दीपेन्द्र सिंह ऐरीले पनि ओडिआईमा २-२ शतक प्रहार गरिसकेका छन् । आसिफले ओडिआईमा नेपालका लागि ७६ खेल खेल्दै २ शतक र १५ अर्धशतक मदतमा २ हजार १७४ रन बनाइसकेका छन् । उनी नेपालका लागि ओडिआईमा सर्वाधिक रन बनाउनेमा दोस्रो स्थानमा छन् । रोहित पौडेलले २ हजार ३४४ रन बनाएका छन् ।


वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# प्रधानमन्त्री राहत कोषमा साढे १३ अर्ब मौज्दात



**काठमाडौं,** भदौ २७/ प्रधानमन्त्री राहत कोषमा आर्थिक सहयोग जुट्ने क्रम जारी छ । प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयका अनुसार शनिबार बिहान ९ बजेसम्म कोषको खातामा १३ अर्ब ५४ करोड नौ लाख तीन हजार ११७ मौज्दात छ ।

कार्यालयका अनुसार शुक्रबार साँझ ५ बजेपछि मात्रै २८ करोड २० लाख १४ हजार ३६६ थपिएको छ । उक्त रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषका विभिन्न ९ वटा बैंकमा रहेको छ । सरकारले यसअघि उक्त कोषबाट बाढीपीडितका नाममा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमार्फत एक अर्ब रुपैयाँ निकासा गरिसकेको छ । त्यस्तै कोषका दुई वटा बैंकका डलर खातामा पनि रकम बढ्ने क्रम जारी छ । भदौ शुक्रबार साँझ ५ बजेपछि उक्त खातामा एक लाख ५४ हजार ७७० डलर थपिएर कुल दुई करोड ३४ लाख ३८ हजार ८४७ अमेरिकी डलर पुगेको प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले जनाएको छ । *-रासस*

# तानसेन क्याम्पसले मनायो ३७...

...पूर्व क्याम्पस प्रमुख राधेश्याम ज्ञवालीले पनि सामुदायिक क्याम्पसले भोगिरहेको प्रमुख समस्या विद्यार्थी संख्या घट्नु रहेको बताए । उनले क्याम्पसको सुधारका लागि नीतिगत रूपमा नयाँ ढंगले अघि बढ्नुपर्नेमा जोड दिए । पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष समिरमान सिंहले पाल्पाको शैक्षिक विकासका लागि नीजि क्षेत्रको महत्वपूर्ण भूमिका रहेको बताए । उपप्राध्यापक रामप्रसाद ढकालले सामुदायिक क्याम्पसहरुको विकासमा अन्य जिल्लाका स्थानीय तहले गरेको नमूना कामको यहाँका स्थानीय सरकारले पनि अनुसरण गर्नुपर्ने बताए । कार्यक्रम स्थानीय तथा सहयोग दाता भविन्द्र गौतम, नेपाल पत्रकार महासंघ पाल्पाका सचिव रामचन्द्र रायमाझी, विद्यार्थी अनुसा सारु लगायतले सामुदायिक क्याम्पसमा घट्दै गएको विद्यार्थी संख्या, शैक्षिक गुणस्तर सुधार तथा क्याम्पसको दिगो विकासका लागि सबै पक्षबीच सहकार्य आवश्यक रहेकोमा जोड दिएका थिए । क्याम्पस प्रमुख पुष्करराज रेग्मीले वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै आगामी दिनमा क्याम्पसलाई सामुदायिक शैक्षिक अनुसन्धान केन्द्रका रूपमा विकास गर्ने योजना अघि सारे । उनले क्याम्पसमा प्राविधिक तथा प्रविधिमैत्री सीपमूलक शिक्षा विस्तार गर्ने बताए । विद्यार्थी संख्या वृद्धि गर्न आकर्षक कार्यक्रमसहित रणनीति तय गरिने, कम्प्युटर प्रयोगशाला, पुस्तकालय तथा ई-लाइब्रेरीलाई थप प्रभावकारी रूपमा सञ्चालन गरिने क्याम्पस प्रमुख रेग्मीले जानकारी दिए । उनका अनुसार साधारण विषयसँगै प्राविधिक तथा सीपमूलक कक्षा सञ्चालन गर्ने, व्यवस्थापन र मानविकी संकायको स्नातकोत्तर तहमा थप कक्षा सञ्चालन गर्ने योजना रहेको छ । त्यस्तै विद्यार्थीका लागि छात्रावास तथा प्राध्यापकका लागि आवास गृह निर्माणका लागि पहल गरिने उनले बताए । क्याम्पस प्रमुख रेग्मीले आर्थिक वर्ष २०८२/०८३ को ८१ लाख ९५ हजार ५१४ रुपैयाँ बराबरको आम्दानी-खर्च विवरण समेत प्रस्तुत गरका थिए । क्याम्पसले सोही अवसरमा क्याम्पसको विकास तथा विभिन्न क्षेत्रमा योगदान पुर्‍याएका व्यक्तिहरूलाई सम्मान गरेको छ । पुनराम घिमिरेद्वारा स्थापित 'पेरी प्राध्यापक सम्मान' पुरस्कारबाट सहायक क्याम्पस प्रमुख अरुण ज्ञवाली सम्मानित भए । त्यस्तै क्याम्पसको संस्थागत विकासमा योगदान पुर्‍याएको भन्दै क्याम्पसका संस्थापक तथा पूर्व क्याम्पस प्रमुख रामेश्वर बजिमय र पूर्व क्याम्पस प्रमुख राधेश्याम ज्ञवालीलाई सम्मान गरिएको थियो । कार्यक्रम क्याम्पस व्यवस्थापन समितिका कार्यवाहक अध्यक्ष भेषराज नेपालको अध्यक्षता, प्राध्यापक संघका अध्यक्ष श्रीधरकुमार उपाध्यायको स्वागत, सहकायक क्याम्पस प्रमुख अरुण ज्ञवालीको सञ्चालनमा भएको थियो ।

# आज दर खाएर तीजको...

...दर खाने निहुँमा आफ्नो स्वास्थ्य बिग्रने खालका खाद्यवस्तु नखान स्वास्थ्य विज्ञहरूले सुझाव दिएका छन् । उनीहरुले लामो समय निराहार वा निर्जल व्रत बस्दा शरीरमा पानी र ग्लुकोजको कमी हुन सक्ने भन्दै आफ्नो स्वास्थ्य अवस्थाअनुसार सावधानी अपनाउन भनेका छन् । विशेषगरी दीर्घरोगी, गर्भवती, वृद्धवृद्धा तथा नियमित औषधि सेवन गरिरहेकाहरूले चिकित्सकीय परामर्शबिना कठोर व्रत नबस्न सुझाव दिइएको छ । तिजका दिन बिहानै नुहाइधुवाइ गरी भगवान शिवको आरधना गर्दै महिला नाचगान र रमाइलो गर्नमा व्यस्त हुने गर्छन् । तिजको धार्मिक पक्ष पनि उत्तिकै महत्वपूर्ण छ । धार्मिक मान्यताअनुसार सत्ययुगमा हिमालय पर्वतकी पुत्री पार्वतीले भगवान् शिवलाई पतिका रूपमा प्राप्त गर्न गरेको कठोर व्रतसँग हरितालिका तिज जोडिएको छ । त्यसैले विवाहित महिलाले श्रीमानको दीर्घायु र सुख-शान्तिको कामना गर्दै व्रत बस्ने तथा अविवाहित महिलाले सुयोग्य वर प्राप्तिको कामना गर्ने परम्परा छ । पछिल्लो समय भने कतिपय महिला व्यक्तिगत आस्था, आत्मिक शान्ति र मनोकामना पूरा हुने विश्वासका साथ पनि व्रत बस्ने गरेका छन् । तिजको दिन बिहानै स्नान गरी भगवान् शिवको आराधना गर्ने, पूजा गर्ने, नाचगान गर्ने र दिनभर धार्मिक तथा सांस्कृतिक गतिविधिमा सहभागी हुने चलन छ । दर खाने दिनबाट सुरु हुने उत्साह अर्को दिनको निराहार व्रत हुँदै ऋषिपञ्चमीसम्म पुग्छ । यसबीच तिजले नेपाली महिलाको धार्मिक आस्था, पारिवारिक सम्बन्ध, सामाजिक अनुभव र सांस्कृतिक पहिचानलाई एकै ठाउँमा जोड्ने गर्छ । त्यसैले तिज केवल रातो सारी र दरको पर्व होइन–यो माइतीको सम्झना, दिदीबहिनीको भेट, मनका पीडा पोख्ने अवसर, आस्थाको निरन्तरता र महिलाको सामूहिक उत्सव पनि हो ।

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक यम्घा गा.वि.स.-६, हाल बगनासकाली गाउँपालिका-६ निवासी भारतिय भू.पू.सैनिक नं. 5345929 M का HAV जगत बहादुर थापा (ना.प्र.मा जगत वहादुर पचभैया थापा) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा मन्जु थापा र जन्म मिति सन् १९७१ डिसेम्वर २२ (वि.स.२०२८/०९/०७) र नेपाली नागरिकता प्रमाणपत्रमा मन्जु पचभैया थापा, जन्म मिति वि.स. २०२८/०७/२५ (सन् १९७१ नोभेम्वर ११) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक यम्घा गा.वि.स.-३, हाल बगनासकाली गाउँपालिका-६ निवासी भारतिय भू.पू.सैनिक नं. 5345667 F का HAV कुल बहादुर थापा (ना.प्र.मा कुल बहादुर कुवर) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा देवी कला थापा र जन्म मिति सन् १९६७ जुन १९ (वि.स.२०२४/०३/०५) र नेपाली नागरिकता प्रमाणपत्रमा देवी कला कुवर, जन्म मिति वि.स. २०२०/०५/२३ (सन् १९६३ सेप्टेम्वर ८) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक यम्घा गा.वि.स.-६, शिखरडाँडा हाल बगनासकाली गाउँपालिका-६ निवासी भारतिय भू.पू.सैनिक नं. JC 728087 P का Nb-Sub दल बहादुर पचभैया (ना.प्र.मा दल बहादुर पचभैया) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा श्याम कुमारी र जन्म मिति सन् १९६५ जुलाई १ (वि.स.२०२२/०३/१७) र नेपाली नागरिकता प्रमाणपत्रमा श्याम कली पचभैया, जन्म मिति वि.स. २०१९/०२/१५ (सन् १९६२ मे २८) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई